## उद्देश्य र कारण

नेपालको संविधानको अनुसूची-६ को क्र.सं. ८ अनुसार प्रदेश विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी अधिकार प्रदेश सरकारको रहेको, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ को (ज) (१) मा "शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने" उल्लेख गरिएको र सुदूरपश्चिम प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८१ को अनुसूची- २ अनुसार "प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन" गर्ने अधिकार सामाजिक विकास मन्त्रालयको रहेको छ ।

विज्ञान तथा प्रविधिको क्षेत्रमा नवीनतम ज्ञान र सीपयुक्त जनशक्तिको निर्माण गर्न, विज्ञान तथा प्रविधिको माध्यमबाट आर्थिक समृद्धि तथा सामाजिक रुपान्तरणका लागि योगदान गर्न सक्ने योग्यतम बौद्धिक नेतृत्व विकास गर्न र अध्ययन अध्यापन तथा अनुसन्धानमा समय सापेक्ष ज्ञान र सीपको प्रयोग विस्तार गरी शैक्षिक उन्नयनको लागि विज्ञान र प्रविधिको क्षेत्रमा सर्वसुलभ शिक्षाको अवसर प्रदान गर्न सुदूरपश्चिम प्रदेशमा सार्वजनिक स्वरुपको उच्च शिक्षा प्रदायक शिक्षण संस्थाको रूपमा विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना तथा सञ्चालनका लागि छुट्टै ऐन बनाउनु पर्ने आवश्यकता रहेको र सोका लागि "टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को मस्यौदा प्रदेश सभामा पेश गर्न प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृति समेत प्राप्त भएकाले प्रस्तुत विधेयक प्रदेश सभामा पेश गरेको छु ।

# आर्थिक टिप्पणी

टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा विश्वविद्यालयका लागि जग्गा व्यवस्थापन, भौतिक पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापन गर्नुपर्ने भएकाले सोका लागि प्रदेश सरकारलाई आर्थिक दायित्व पर्न जाने देखिन्छ । यसरी पर्नजाने आर्थिक दायित्व प्रदेश सरकारले आफ्नो बार्षिक बजेटबाट बहुबर्षिय योजनाका रुपमा व्यवस्थापन गर्न सक्ने देखिन्छ भने खर्चको आकार र प्रदेश सरकारको बार्षिक आयलाई मध्यनजर गरी थप आर्थिक रकम व्यवस्थापनका लागि संघीय सरकार, विश्वविद्यालय अनुदान आयोग र स्थानीय तहहरुसँग समन्वय समेत गर्न सकिन्छ । एकैपटक ठूलो रकम प्रदेश सरकारले व्यवस्थापन गर्न असहज भएपनि सो स्थानमा सञ्चालित क्याम्पस तथा शैक्षिक संस्थाहरुसँग सहकार्य गरी शुरुवाती चरणमा सानो लगानी र भौतिक पूर्वाधारको माध्यमबाट विश्वविद्याललाई अगाडि बढाउदै विस्तारै ठूलो स्वरुपमा विश्वविद्यालय सञ्चालनमा ल्याउन सकिने भएकाले विज्ञान तथा प्रविधिको क्षेत्रमा समयानुकूल परिवर्तन र विकास गर्न तथा रोजगारीका अवसरहरु सिर्जना गरी राज्यलाई आर्थिक सम्बृद्धिको दिशामा अगाडि बढाउन प्रस्तुत विधेयकले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

## टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको

## व्याख्यात्मक टिप्पणी

| दफा नं. | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | यस दफामा ऐनको नाम टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०८१ रहने र यो ऐन तुरुन्त प्रारम्भ हुने व्यवस्था गरिएको छ । |
| २ | परिभाषा | यस दफामा पटक पटक प्रयोग भएका शब्दहरु परिभाषित गरिएको छ । |
| ३ | विश्वविद्यालयको स्थापना | यस दफामा प्रदेशको उत्कृष्ट प्राज्ञिक केन्द्रको रूपमा टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना गरिने, टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालयलाई अंग्रेजीमा (टीकापुर युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजी) र संक्षेपमा टियुएसटी भनिने, विश्वविद्यालयको मुख्य कार्यालय सुदूरपश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लाको टीकापुर नगरपालिका क्षेत्रभित्र रहने र विश्वविद्यालय अन्तर्गतका विधागत संकाय र विषयगत अध्ययन केन्द्र तथा अनुसन्धान केन्द्रहरू संरक्षक परिषद्ले तोकेको प्रदेश भित्रका स्थानमा रहने व्यवस्था गरिएको छ । |
| ४ | विश्वविद्यालय स्वशासित र सङ्गठित संस्था हुने | विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था हुने, कानूनी व्यक्तित्व प्राप्त गर्ने, विश्वविद्यालय कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५ | विश्वविद्यालयको सङ्गठन | विश्वविद्यालयको सङ्गठनात्मक संरचना संरक्षक परिषद्, कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, संकाय, महाविद्यालय, सल्लाहकार परिषद् र तोकिए बमोजिमका अन्य निकाय हुने व्यवस्था यस दफामा गरिएको छ । |
| ६ | विश्वविद्यालयका पदाधिकारी : | विश्वविद्यालयमा देहायका पदाधिकारीहरु कुलपति, सहकुलपति, उपकुलपति, रजिष्ट्रार, संकाय निर्देशक, महाविद्यालय प्रमुख, तोकिए बमोजिमका अन्य पदाधिकारी रहने व्यवस्था यस दफामा गरिएको छ । |
| ७ | संरक्षक परिषद्को गठन | यस दफामा कुलपतिको अध्यक्षमा सहकुलपति, उपकुलपति लगायतका सम्बन्धित क्षेत्रका विज्ञ र प्राध्यापक समेत रहने गरी कूल १९ सदस्यीय संरक्षक परिषद्को गठन हुने, मनोनीत पदाधिकारीको पदावधि। मनोनीत प्रकृया र पद रिक्त हुने |

| | | |
|---|---|---|
| | | लगायतका व्यवस्था गरिएको छ। |
| ८ | संरक्षक परिषद्को काम, कर्तव्य र अधिकार : | यस दफामा संरक्षक परिषद्का काम, कर्तव्य र अधिकार हरु उल्लेख गरिएको छ । संरक्षक परिषद्ले विश्वविद्यालयको नीति, योजना, रणनीति तथा मापदण्ड स्वीकृत गर्ने, विश्वविद्यालय र मातहतका संगठनको सङ्गठन संरचना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, विश्वविद्यालयलाई आवश्यक पर्ने नियम स्वीकृत गर्ने, विश्वविद्यालयको तर्फबाट प्रदान गरिने उपाधि निर्धारण गर्ने र प्रदान गर्ने लगायतका १२ वटा काम, कर्तव्य र अधिकारहरुको व्यवस्था गरिएको छ । |
| ९ | कार्यकारी परिषद्को गठन | उपकुलपतिको अध्यक्षतामा पाँच सदस्यीय कार्यकारी परिषद्को गठन, सदस्यको पदावधि र बैठक सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| १० | कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार : | यस दफामा कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । जसमा संरक्षक परिषद्को निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने, विश्वविद्यालयको लागि आवश्यक पर्ने नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि संरक्षक परिषद्मा पेश गर्ने, शैक्षिक कार्यक्रम सञ्चालन, आङ्गिक महाविद्यालय स्थापना र सञ्चालन सम्बन्धी स्वीकृति दिने,नयाँ ज्ञान र नवीनतम प्रविधिको विकास तथा विस्तारका लागि अनुसन्धान केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी स्वीकृति दिने लगायतका २० वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएका छन् । |
| ११ | प्राज्ञिक परिषद्को गठन | उपकुलपतिको अध्यक्षतामा छ सदस्यीय प्राज्ञिक परिषद्को गठन, सदस्यको पदावधि र बैठक सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| १२ | प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार | यस दफामा प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । जसमा विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन र प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित, नियमित र गुणस्तरयुक्त बनाउन आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने, विश्वविद्यालयको तर्फबाट प्रदान गरिने उपाधि निर्धारण र प्रदान गर्ने सम्बन्धमा कार्यकारी परिषद्लाई परामर्श दिने लगायतका ९ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । |
| १३ | विद्या परिषद् | यस दफामा विद्या परिषद्को गठन र मनोनयन प्रकृया सम्बन्धी व्यवस्था गरिएको छ। |
| १४ | विद्या परिषद्को काम, कर्तव्य र | यस दफामा विद्या परिषद्को काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । जसमा प्राज्ञिक परिषद्ले विद्यार्थी भर्नाका लागि निर्धारण गरेको योग्यताको आधारमा विद्यार्थी |

| | | |
|---|---|---|
| | अधिकार | छनौटको आधार र प्रक्रिया तथा सिट संख्या तोक्न सिफारिस गर्ने, उपाधि निर्धारण, थपघट वा हेरफेर गर्न वा खारेज गर्न संकाय परिषद्मा सिफारिस गर्ने, लगायतका ६ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । |
| १५ | विषय समिति | विद्या परिषद्को काम कारबाहीलाई सघाउ पुऱ्याउन आवश्यक संख्यामा विषय समिति रहने व्यवस्था यस दफामा गरिएको छ । |
| १६ | संकाय | विश्वविद्यालयमा अध्ययन, अध्यापन र अनुसन्धान गर्ने विधाका आवश्यक सङ्ख्यामा संकायहरु रहने व्यवस्था यस दफामा गरिएको छ । |
| १७ | महाविद्यालय | विश्वविद्यालयले संकाय मातहत सञ्चालन हुने गरी आवश्यक सङ्ख्यामा आङ्गिक महाविद्यालयहरू स्थापना गरी सञ्चालन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १८ | अन्य निकाय | विश्वविद्यालयले प्रविधि क्षेत्रमा अनुसन्धान वा नव प्रवर्तन वा उत्पादन र नवीनतम प्रविधिको विकास र विस्तार कार्यलाई व्यवस्थित गर्न आवश्यक संख्यामा अनुसन्धान केन्द्र वा उत्पादन केन्द्र जस्ता अन्य निकायहरू स्थापना तथा सञ्चालन गर्न सक्ने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| १९ | कुलपति | प्रदेश सरकारको मुख्यमन्त्री विश्वविद्यालयको कुलपति हुने, कुलपति विश्वविद्यालयको प्रमुख हुनेछ र कुलपतिले विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षता ग्रहण गर्ने र कुलपतिले आवश्यकतानुसार विश्वविद्यालयको निरीक्षण गर्न र निर्देशन दिन सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| २० | सहकुलपति: | प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयको मन्त्री विश्वविद्यालयको सहकुलपति हुने, कुलपतिको अनुपस्थितिमा सहकुलपतिले विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षता ग्रहण गर्ने तथा सहकुलपतिले आवश्यकतानुसार विश्वविद्यालयको निरीक्षण गर्न र निर्देशन दिन सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| २१ | उपकुलपति | विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा प्रशासनिक मामिला हेर्ने प्रमुख पदाधिकारीका रूपमा उपकुलपति रहने, उपकुलपति विश्वविद्यालयमा पूरा समय काम गर्ने पदाधिकारी हुने, उपकुलपतिको नियुक्ति प्रकृया, पदावधि लगायतको व्यवस्था यस दफामा गरिएको छ । |
| २२ | उपकुलपतिको योग्यता | यस दफामा उपकुलपति हुनका लागि आवश्यक पर्ने योग्यता सम्बन्धी व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| २३ | उपकुलपतिको काम, कर्तव्य र अधिकार | यस दफामा उपकुलपतिको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । जसमा विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक, अनुसन्धान तथा नव प्रवर्तन सम्बन्धी मामिलाको नेतृत्व र समन्वय गर्ने, शिक्षण, प्रशिक्षण र अनुसन्धानको स्तर कायम राख्ने, विश्वविद्यालयको संकाय, अन्य प्राज्ञिक निकाय, महाविद्यालय संचालन लगायतका कार्यको नेतृत्व र समन्वय गर्ने लगायतका २५ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । |
| २४ | रजिष्ट्रार | यस दफामा रजिष्ट्रारको नियुक्ति उपकुलपतिको सिफारिसमा कुलपतिबाट हुने, रजिष्ट्रारको पदावधि चार बर्षको हुनेछ र रजिष्ट्रारको पारिश्रमिक, सेवा सुविधा तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ । |
| २५ | रजिष्ट्रारको योग्यता | यस दफामा रजिष्ट्रार पदका लागि आवश्यक पर्ने योग्यता सम्बन्धी व्यवस्था गरिएको छ । |
| २६ | रजिष्ट्रारको काम, कर्तव्य र अधिकार | यस दफामा रजिष्ट्रारको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । जसमा विश्वविद्यालयको शिक्षक तथा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने, विश्वविद्यालयको कोष सञ्चालन,लेखा र लेखा परीक्षण गर्ने वा गराउने, आन्तरिक प्रशासन सम्बन्धी नीति तथा योजना कार्यान्वयन गर्ने वा गराउने लगायतका ९ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । |
| २७ | संकाय निर्देशक | यस दफामा संकायको प्रमुखको हैसियतमा काम गर्ने पदाधिकारीको रूपमा संकाय निर्देशक रहने, मान्यता प्राप्त विश्वविद्यालयबाट विज्ञान तथा प्रविधि तर्फको कुनै विधामा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेका विज्ञमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा संरक्षक परिषद्ले संकाय निर्देशक नियुक्ति गर्ने, संकाय निर्देशकको पदावधि चार वर्षको हुने र संकाय निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| २८ | संकाय निर्देशकको काम, कर्तव्य र अधिकार | यस दफामा संकाय निर्देशकको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । जसमा संकाय निर्देशकको रूपमा प्राज्ञिक तथा शैक्षिक नेतृत्व गर्ने,संकाय र मातहतका महाविद्यालयमा सञ्चालन हुने शैक्षिक कार्यक्रम, विद्यार्थी भर्ना, सिट निर्धारण, पाठ्यक्रम विकास, परीक्षा सञ्चालन, व्यवस्थापन तथा उपाधिसम्बन्धी कार्य गर्ने, गराउने लगायतका ८ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । |
| २९ | महाविद्यालय | महाविद्यालयको प्रमुखका रुपमा काम गर्नको लागि संकाय निर्देशकको सिफारिसमा उपकुलपतिले महाविद्यालय प्रमुख नियुक्ति गर्ने, निजको पदावधि चार वर्षका लागि |

| | | |
|---|---|---|
| | प्रमुख | हुनेछ। महाविद्यालय प्रमुखको सेवा, शर्त तथा सुविधा र काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ । |
| ३० | उपकुलपति पदमुक्त हुने अवस्था | यस दफामा उपकुलपतिले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरुपको आचरण नगरेको वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा गरेको छैन भनी संरक्षक परिषद्मा तत्काल कायम रहेका एक चौथाई सदस्यले कुलपतिसमक्ष लिखित निवेदन दिएमा सोको पन्ध्र दिनभित्र संरक्षक परिषद्ले संरक्षक परिषद्का सदस्यहरू रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्ने र समितिले पैंतालीस दिनभित्र छानबिन कार्य सम्पन्न गर्नुपर्ने लगायतको व्यवस्था यसमा गरिएको छ। |
| ३१ | रजिष्ट्रार, संकाय निर्देशक, महाविद्यालय प्रमुख वा अन्य पदाधिकारी पदमुक्त हुने अवस्था : | यस दफामा विश्वविद्यालयका रजिष्ट्रार, संकाय निर्देशक, महाविद्यालय प्रमुख वा अन्य पदाधिकारीले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण पालना नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी आधार र कारण खुलाई प्रमाण सहित कार्यकारी परिषद् समक्ष निवेदन दिन सक्ने र कार्यकारी परिषद्ले तीन सदस्यीय छानबिन समिति गठन गर्न सक्ने लगायतको व्यवस्था गरिएको छ । |
| ३२ | अध्यापक तथा कर्मचारी | यस दफामा विश्वविद्यालयमा आवश्यक संख्यामा अध्यापक तथा कर्मचारी रहने, अध्यापक तथा कर्मचारीको नियुक्ति तथा बढुवा संरक्षक परिषदबाट गठन हुने पदपूर्ति समितिको सिफारिसमा हुने र विश्वविद्यालयका अध्यापक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ । |
| ३३ | प्राज्ञिक सहकार्यः | विश्वविद्यालयले विश्वविद्यालय वा महाविद्यालयसँग अध्ययन, अध्यापन, अनुसन्धान, अन्वेषण, तालिम, नवप्रवर्तन र नवीनतम प्रविधिको विकास तथा विस्तारका लागि आवश्यकता अनुसार प्राविधिक सहायता, सम्झौता वा समझदारी गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ३४ | पद रिक्त हुने अवस्थाः | यस दफामा विश्वविद्यालयका पदाधिकारी र परिषद् वा समितिका सदस्यको पद रिक्त हुने सम्बन्धमा व्यवस्था गरिएको छ । |
| ३५ | विश्वविद्यालयको कोष | यस दफामा विश्वविद्यालयको एउटा छुट्टै कोष हुने, कोषमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम, शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम, स्वदेशी वा विदेशी व्यक्ति, सङ्घ, संस्था वा सरकारबाट प्राप्त अनुदान वा ऋण |

| | | |
|---|---|---|
| | | रकम, अन्य स्रोतबाट प्राप्त रकम रहने र कोषको खाता सञ्चालन सम्बन्धी व्यवस्था गरिएको छ । |
| ३६ | लेखा र लेखापरीक्षण | यस दफामा विश्वविद्यालयको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने, विश्वविद्यालयको आन्तरिक लेखापरीक्षण संरक्षक परिषद्द्वारा नियुक्त लेखापरीक्षकबाट हुने र |
| ३७ | सल्लाहकार परिषद | विश्वविद्यालयको सञ्चालनको लागि आवश्यक स्रोतको व्यवस्थापन गरी यसको काम कारबाहीलाई गुणस्तरीय, व्यवस्थित तथा प्रभावकारी बनाउनको लागि आवश्यक सहजीकरण गर्न एक सल्लाहकार परिषद् रहने, सल्लाहाकार परिषद्को काम, कर्तव्य र अधिकार तथा बैठक सञ्चालन सम्बन्धी व्यवस्था यस दफामा राखिएको छ । |
| ३८ | आङ्गिक महाविद्यालय स्थापना गर्न सकिने | प्रदेशको आवश्यकता तथा विकासको लागि विश्वविद्यालयले प्रदेशको भूगोल अन्तर्गत रहने गरी कुनैपनि स्थानमा आङ्गिक महाविद्यालय खोल्न सक्ने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। |
| ३९ | सम्बन्धन दिन नसक्ने | विश्वविद्यालयले कुनै महाविद्यालय वा अन्य कुनै उच्च शैक्षिक संस्थालाई आफ्ना कुनै पनि कार्यक्रम सञ्चालन गर्ने गरी सम्बन्धन दिन नसक्ने व्यवस्था यस दफामा राखिएको छ । |
| ४० | सहकार्य गर्न सक्ने | यस दफामा विश्वविद्यालयले अध्ययन, अध्यापन र अनुसन्धानको क्रममा सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसंग सहकार्य गरी विद्यार्थीको लागि सिकाइका साथसाथै आयआर्जनको व्यवस्था गर्न सक्ने सम्बन्धी व्यवस्था गरिएको छ । |
| ४१ | उपाधि, प्रमाणपत्र, मान्यता, समकक्षता र स्तर निर्धारण | यस दफामा विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको उपाधि र प्रमाणपत्र प्रदान गर्ने, अनुसन्धान तथा प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्ने, विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई आफ्नो प्रयोजनको लागि मान्यता प्रदान गर्न, समकक्षता र स्तर निर्धारण गर्न सक्ने सम्बन्धी व्यवस्था गरिएको छ । |
| ४२ | बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार | यस दफामा विश्वविद्यालयले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम विश्वविद्यालयमा सुरक्षित रहने व्यवस्था गरिएको छ । |

| | | |
|---|---|---|
| ४३ | विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई नियुक्ति वा मनोनयन गर्न सकिने | यस दफमा विश्वविद्यालयमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई अध्यापक तथा कर्मचारीका रूपमा नियुक्ति वा मनोनयन गर्न सकिने व्यवस्था गरिएको छ । |
| ४४ | कार्य सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिने | विश्वविद्यालय तथा महाविद्यालयको दैनिक कार्य सञ्चालन गर्ने क्रममा कार्यचापको आधारमा तत्काल कुनै संकाय निर्देशक वा महाविद्यालय प्रमुख वा अध्यापक वा कर्मचारी नियुक्त नगरी मौजुदा जनशक्तिबाट कार्य सञ्चालन गर्न सकिने भएमा संरक्षक परिषद्को स्वीकृतिमा कार्यकारी परिषद्ले त्यस्तो कार्य आवश्यक योग्यता पुगेको अन्य कुनै पदाधिकारी वा अध्यापक वा कर्मचारीबाट गराउने गरी व्यवस्था गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ४५ | छात्रवृत्ति तथा विद्वतवृत्ति उपलब्ध गराउनु पर्ने | विश्वविद्यालयले प्रत्येक शैक्षिक सत्रमा तोकिए बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ४६ | पूर्वयोग्यताका शैक्षिक कार्यक्रम सञ्चालन | विश्वविद्यालयले सञ्चालन गर्ने स्नातक वा सोभन्दा माथिल्लो तहको शैक्षिक कार्यक्रममा विद्यार्थीको पहुँच अभिवृद्धिका लागि विश्वविद्यालय स्वयंले वा अन्य संघ संस्थाहरूसँगको सहकार्य वा साझेदारीमा सम्बन्धित निकायको स्वीकृति लिई विज्ञान तथा प्रविधितर्फका पूर्वयोग्यताका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न व्यवस्था यस दफामा गरिएको छ । |
| ४७ | भर्नाको लागि योग्यता | यस दफामा विद्यार्थी भर्नाको लागि न्यूनतम योग्यता तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ४८ | कामकारवाही अवैध नमानिने | यस दफामा विश्वविद्यालयमा पदाधिकारी नियुक्त नभइ वा पदाधिकारी नियुक्तिमा त्रुटी भइ वा कुनै अंग गठनमा त्रुटी भएको रहेछ भने सो कारणले मात्र गए गरेको कामकारवाही अवैध मानिने छैन भनी व्यवस्था गरिएको छ। |
| ४९ | वार्षिक प्रतिवेदन | यस दफामा विश्वविद्यालयले प्रत्येक आर्थिक वर्ष अन्तिम लेखा परीक्षण सम्पन्न भएको एक महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रदेश |

| | | |
|---|---|---|
| | | सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । |
| ५० | बाह्य पक्षबाट मूल्याङ्कन गरिने | संरक्षक परिषद्ले प्रत्येक पाँचौं वर्षमा विश्वविद्यालयबाट भए गरेका काम कारबाही, साधन र स्रोतको प्रयोग तथा प्राप्त उपलब्धि लगायतका विषयमा तोकिए बमोजिम बाह्य मूल्याङ्कन गराउन सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ५१ | अधिकार प्रत्यायोजन | संरक्षक परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपकुलपति वा प्राज्ञिक परिषद् वा कार्यकारी परिषद् वा संकाय निर्देशकलाई तथा प्राज्ञिक परिषद् र कार्यकारी परिषद्ले विश्वविद्यालय मातहतका कुनै निकाय वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था यस दफाम गरिएको छ। |
| ५२ | प्रदेश सरकारसँग सम्पर्क | यस दफामा विश्वविद्यालयले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्ने व्यवस्था गरिएको छ । |
| ५३ | मापदण्ड लागू गर्न सक्ने | यस दफामा विश्वविद्यालयको काम कारबाहीलाई प्रभावकारी बनाउनको लागि विश्वविद्यालयले आवश्यक मापदण्ड बनाई लागू गर्न वा गराउन सक्ने व्यवस्था गरिएको छ। |
| ५४ | सूचना प्रविधिको प्रयोग | विश्वविद्यालयका विभिन्न निकायको बैठक, विभिन्न संकाय तथा शैक्षिक कार्यक्रम, अध्ययन, अध्यापन, अनुसन्धान, मूल्याङ्कन वा परीक्षा संचालन, सभा, सम्मेलन, गोष्ठीको प्रयोजनका लागि विश्वविद्यालयले आवश्यकता अनुसार सूचना तथा संचार प्रविधिको उपयुक्त माध्यम प्रयोग गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ५५ | ऐन कार्यान्वयन मापन | ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन प्रदेश सभा समक्ष पेश गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५६ | समिति गठन गर्न सक्ने | विश्वविद्यालयको कामका सन्दर्भमा विश्वविद्यालयका निकायहरूले आवश्यकता अनुसार समिति, उपसमिति, कार्यदल गठन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ५७ | विश्वविद्यालय विघटन | कुनै कारणले विश्वविद्यालय संचालन हुन नसक्ने भएमा प्रदेश सरकारले संरक्षक परिषद्को सिफारिसमा विश्वविद्यालय विघटन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५८ | नियम बनाउने अधिकार | यस ऐनको कार्यान्वयनको लागि संरक्षक परिषद्ले आवश्यक नियम बनाउन सक्ने व्यवस्था यस दफामा गरिएको छ । |

| | | |
|---|---|---|
| ५९ | विश्वविद्यालयलाई छुट र सुविधा | यस दफामा विश्वविद्यालयको नाममा गर्नु पर्ने जुन सुकै लिखत (रजिष्ट्रेशन) मा लिखत दस्तुर छुट दिइने व्यवस्था गरिएको छ । |
| ६० | विनियम, निर्देशिका र कार्यविधि बनाउन सक्ने | यस दफामा विश्वविद्यालयले कर्मचारी प्रशासन र आर्थिक प्रशासन लगायतका विषयमा आवश्यक विनियम, निर्देशिका र कार्यविधि बनाउन सक्ने व्यवस्था गरिएको छ । |

## प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी

प्रस्तुत विधेयकमा रहेको प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी देहाय बमोजिम पेश गरिएको छः-

| क्र. सं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ५ को खण्ड (छ) | विश्वविद्यालयको सांगठनिक संरचना र स्वरुपहरु थप विस्तार गर्नका लागि । | ऐनमा लेखिएदेखि बाहेकका विश्वविद्यालयको सांगठनिक संरचना र स्वरुपहरु थप गर्न सकिने । | सांगठनिक संरचना र स्वरुप थप्न सहज हुने। |
| २. | दफा ६ को खण्ड (छ) | विश्वविद्यालयमा पदाधिकारीहरुको संख्या थप गर्न आवश्यक पर्न सक्ने भएकाले। | ऐनमा लेखिएदेखि बाहेकका पदाधिकारी आवश्यक परे थप्न सकिने । | दैनिक प्रशासनिक तथा शैक्षिक कार्यमा प्रभावकारीता आउने। |
| ३. | दफा ७ को उपदफा (१४) | संरक्षक परिषद्को बैठक सम्बन्धी अन्य व्यवस्था निर्धारण गर्न आवश्यक पर्नसक्ने भएकाले। | संरक्षक परिषद्को बैठक सम्बन्धी अन्य व्यवस्था निर्धारण गर्न सकिने। | बैठक सञ्चालन प्रकृया सहज हुने । |
| ४. | दफा ८ खण्ड (ड) | संरक्षक परिषद्को काम, कर्तव्य र अधिकार थप गर्नका लागि । | संरक्षक परिषद्को काम, कर्तव्य र अधिकार थप गर्न सकिने । | संरक्षक परिषद्को काम, कर्तव्य र अधिकार थप स्पष्ट हुने। |
| ५. | दफा ९ को उपदफा (६) | कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि निर्धारणका लागि । | कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि निर्धारण गर्न सकिने । | बैठक संचालन प्रकृया सरलीकरण हुने । |
| ६. | दफा १० को खण्ड (प) | कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार थप गर्नका लागि । | कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार थप गर्न सकिने । | कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार थप स्पष्ट हुने। |

| | | | | |
|---|---|---|---|---|
| ७. | दफा १२ को खण्ड (झ) | प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार थप गर्नका लागि । | प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार थप गर्न सकिने । | प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार थप स्पष्ट हुने। |
| ८. | दफा १६ को उपदफा (४) | संकाय सञ्चालन सम्बन्धी व्यवस्था र प्रकृयाहरु स्पष्ट खुलाउन आवश्यक रहेको। | संकाय सञ्चालन सम्बन्धी प्रकृयागत व्यवस्थाहरु विस्तृत रुपमा उल्लेख हुने । | संकाय सञ्चालनको ढाँचा र प्रकृया स्पष्ट हुने । |
| ९. | दफा १७ को उपदफा (४) | महाविद्यालयको स्थापना, सहकार्य, विश्वविद्यालय वा उच्च शिक्षा प्रदायक संस्था वा महाविद्यालयको स्वामित्व, साझेदारी वा सञ्चालन सम्बन्धी व्यवस्था तोक्न आवश्यक रहेको। | महाविद्यालयको स्थापना, सहकार्य, विश्वविद्यालय वा उच्च शिक्षा प्रदायक संस्था वा महाविद्यालयको स्वामित्व, साझेदारी वा सञ्चालन सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने । | स्वामित्व, साझेदारी वा सञ्चालन सम्बन्धी स्पष्ट हुने । |
| १०. | दफा १८ को उपदफा (२) | अनुसन्धान केन्द्र वा उत्पादन केन्द्र जस्ता अन्य निकायको सञ्चालनका लागि पदाधिकारी व्यवस्थापन गर्न आवश्यक हुने। | अनुसन्धान केन्द्र वा उत्पादन केन्द्र जस्ता अन्य निकायको सञ्चालनका लागि पदाधिकारी व्यवस्थापन गरिने। | पदाधिकारीको व्यवस्थापन हुने । |
| ११. | दफा १८ को उपदफा (३) | अनुसन्धान केन्द्र वा उत्पादन केन्द्र जस्ता निकायहरु तोक्न सकिने। | अनुसन्धान केन्द्र वा उत्पादन केन्द्र जस्ता निकायहरु तोकिने। | विभिन्न निकायहरु तोकिने । |
| १२. | दफा २१ को उपदफा (९) | उपकुलपतिको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी व्यवस्था तोक्नका लागि । | उपकुलपतिको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी व्यवस्था तोकिने। | उपकुलपतिको सुविधा स्पष्ट हुने । |
| १३. | दफा २४ को उपदफा (४) | रजिष्ट्रारको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी व्यवस्था तोक्नका लागि । | रजिष्ट्रारको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी व्यवस्था तोकिने। | रजिष्ट्रारको सुविधा स्पष्ट हुने । |
| १४ | दफा २७ को | संकाय निर्देशकको नियुक्ति, | संकाय निर्देशकको पारिश्रमिक | संकाय निर्देशकको |

| | | | | |
|---|---|---|---|---|
| . | उपदफा (४) | पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी व्यवस्था तोक्नका लागि । | तथा सेवा सुविधा सम्बन्धी व्यवस्था तोकिने। | सुविधा स्पष्ट हुने । |
| १५ | दफा २९ को उपदफा (४) | महाविद्यालय प्रमुखको सेवा, शर्त तथा सुविधा र काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोक्नका लागि । | महाविद्यालय प्रमुखको सेवा, शर्त तथा सुविधा र काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिने। | महाविद्यालय प्रमुखको सुविधा र कार्यहरु स्पष्ट हुने । |
| १६ | दफा ३१ को उपदफा (६) | रजिष्ट्रार, संकाय निर्देशक, महाविद्यालय प्रमुख वा अन्य पदाधिकारी पदबाट हटाउने सम्बन्धी थप व्यवस्था तोक्नका लागि । | रजिष्ट्रार, संकाय निर्देशक, महाविद्यालय प्रमुख वा अन्य पदाधिकारीलाई पदबाट हटाउने सम्बन्धी थप व्यवस्था तोक्नका | रजिष्ट्रारलाई हटाउने थप व्यवस्था तोकिने । |
| १७ | दफा ३२ को उपदफा (३) | विश्वविद्यालयका अध्यापक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोक्नका लागि । | विश्वविद्यालयका अध्यापक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिने । | कानूनी रुपमा स्पष्ट हुने। |
| १८ | दफा ३३ को उपदफा (५) | आगन्तुक प्राध्यापक वा कार्यानुभवी प्राध्यापकको नियुक्ति प्रक्रिया पूरा गर्नका लागि | आगन्तुक प्राध्यापक वा कार्यानुभवी प्राध्यापकको नियुक्ति प्रक्रिया पूरा हुने । | विज्ञ प्राध्यापक भित्र्याउन सकिने । |
| १९ | दफा ३५ को उपदफा (६) | विश्वविद्यालयको कोष र खाताको सञ्चालन सम्बन्धी अन्य ब्यवस्था तोक्नका लागि। | विश्वविद्यालयको कोष र खाताको सञ्चालन सम्बन्धी अन्य ब्यवस्था तोकिने। | कोष र खाता संचालन व्यवस्थित हुने। |
| २० | दफा ३७ को उपदफा (४) को खण्ड (छ) | सल्लाहाकार परिषद्का थप कार्य उल्लेख गर्ने । | सल्लाहाकार परिषद्का थप कार्य उल्लेख हुने । | कार्यहरु थपिने । |

| | | | | |
|---|---|---|---|---|
| २१ | दफा ४१ को उपदफा (४) | उपाधि, प्रमाणपत्र, मान्यता, समकक्षता र स्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था उल्लेख गर्ने । | उपाधि, प्रमाणपत्र, मान्यता, समकक्षता र स्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था उल्लेख हुने । | कार्यप्रकृया स्पष्ट हुने । |
| २२ | दफा ४५ | छात्रवृत्ति तथा विद्वतवृत्ति सम्बन्धी अन्य व्यवस्था तोक्न आवश्यक भएको । | छात्रवृत्ति तथा विद्वतवृत्ति सम्बन्धी अन्य व्यवस्था तोकिने । | छात्रवृत्ति स्पष्ट हुने |
| २३ | दफा ५८ र ६० | तोकिए बमोजिम भनिएका विषय सम्बन्धमा नियम, विनियम, निर्देशिका र कार्यविधिमा तोक्नका लागि। | नियम, विनियम, निर्देशिका र कार्यविधि बनाउन सकिने । | कार्यान्वयनयोग्य हुने। |

<u>टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

<u>प्रस्तावनाः</u> वैदिक दर्शन, आदिम ज्ञान, सीप र वैशेषिक कला अनुकूल विज्ञान तथा प्राविधिको विकास गर्न, परम्परागत ज्ञान, सीप र अभ्यासलाई वैज्ञानिक रुपमा प्रवर्द्धन गर्न, विज्ञान तथा प्रविधिको माध्यमबाट आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि योगदान गर्न सक्ने योग्यतम बौद्धिक जनशक्तिको विकास गरी उद्यमशीलता कायम गर्न, उच्च शिक्षाको अध्ययन, अध्यापन तथा अनुसन्धानमा समयसापेक्ष ज्ञान र सीपको विकास गरी सर्व-सुलभ उच्च शिक्षाको अवसर प्रदान गर्न विश्वविद्यालयको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यापक" भन्नाले विश्विवद्यालयको प्राध्यापक, सह-प्राध्यापक वा उप-प्राध्यापक सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयको नियमित कोषबाट वेतन प्राप्त गर्ने प्राध्यापक, विशिष्ट प्राध्यापक, कार्यानुभवी प्राध्यापक, आगन्तुक प्राध्यापक वा प्रशिक्षक वा अध्ययन-अध्यापन वा अनुसन्धान वा प्रशिक्षण गर्न नियुक्त व्यक्तिसमेतलाई जनाउँछ।

(ख) "उपकुलपति" भन्नाले दफा २१ बमोजिम नियुक्त उपकुलपति सम्झनु पर्छ।

(ग) "कार्यकारी परिषद्" भन्नाले दफा ९ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ।

(घ) "कुलपति" भन्नाले दफा १९ बमोजिमको कुलपति सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "प्रदेश सरकार" भन्नाले सुदूरपश्चिम प्रदेश सरकार सम्झनु पर्छ।

(छ) "प्राज्ञिक परिषद्" भन्नाले दफा ११ बमोजिमको प्राज्ञिक परिषद सम्झनु पर्छ ।

(ज) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले प्रदेशको शिक्षा विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) "महाविद्यालय" भन्नाले दफा १७ बमोजिमको आङ्गिक शिक्षण संस्था सम्झनु पर्छ।

(ट) "महाविद्यालय प्रमुख" भन्नाले दफा २९ बमोजिम नियुक्त आङ्गिक महाविद्यालयको प्रमुख सम्झनु पर्छ ।

(ठ) "रजिष्ट्रार" भन्नाले दफा २४ बमोजिम नियुक्त रजिष्ट्रार सम्झनु पर्छ।

(ड) "विभागीय प्रमुख" भन्नाले विश्वविद्यालय अन्तर्गत विषयगत रूपमा गठित शिक्षण विभागको प्रमुख सम्झनु पर्छ ।

(ढ) "विषय समिति" भन्नाले विद्या परिषद्को काम कारबाहीलाई सघाउ पुऱ्याउन गठन गरिने विषयगत समिति सम्झनु पर्छ ।

(ण) "विश्वविद्यालय" भन्नाले दफा ३ बमोजिम स्थापना भएको "टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय" सम्झनु पर्छ ।

(त) "सल्लाहकार परिषद्" भन्नाले दफा ३७ बमोजिम गठन भएको सल्लाहकार परिषद् सम्झनु पर्छ।

(थ) "सहकुलपति" भन्नाले दफा २० बमोजिको सहकुलपति सम्झनु पर्छ।

(द) "संकाय निर्देशक" भन्नाले दफा २७ बमोजिम नियुक्त संकाय निर्देशक सम्झनु पर्छ।

(ध) "संरक्षक परिषद्" भन्नाले दफा ७ बमोजिम गठन भएको संरक्षक परिषद् सम्झनु पर्छ।

## परिच्छेद-२

## विश्वविद्यालयको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **विश्वविद्यालयको स्थापना** : (१) विज्ञान तथा प्रविधिसँग सम्बन्धित विधामा गुणस्तरीय अध्ययन, अध्यापन र अनुसन्धानद्वारा उच्च एवं मध्यमस्तरीय जनशक्ति तयार गर्न, परम्परागत ज्ञान, सीप र अभ्यासलाई अध्ययन अनुसन्धान गरी वैज्ञानिक रुपमा प्रवर्द्धन गर्न र नवीनतम ज्ञान एवं प्रविधिको विकास तथा विस्तार गरी मुलुकको समृद्धिमा योगदान पुऱ्याउनका लागि प्रदेशको उत्कृष्ट प्राज्ञिक केन्द्रको रूपमा टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना गरिनेछ।

(२) टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालयलाई अंग्रेजीमा "टीकापुर युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजी" र संक्षेपमा टियुएसटी भनिनेछ ।

(३) विश्वविद्यालयको मुख्य कार्यालय सुदूरपश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लाको टीकापुर नगरपालिका क्षेत्रभित्र रहने छ।

(४) विश्वविद्यालय अन्तर्गतका विधागत संकाय र विषयगत अध्ययन केन्द्र तथा अनुसन्धान केन्द्रहरू हिमाली, पहाडी तथा तराई क्षेत्रमा भौगोलिक, आर्थिक एवं सामाजिक विकासको पुनर्वितरण र संतुलन कायम रहने गरी संरक्षक परिषद्ले तोकेको प्रदेश भित्रका स्थानमा रहनेछन्।

४. **विश्वविद्यालय स्वशासित र सङ्गठित संस्था हुने** : (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) विश्वविद्यालय कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. **विश्वविद्यालयको सङ्गठन** : विश्वविद्यालयको सङ्गठनात्मक संरचना देहाय बमोजिम हुनेछ र त्यस्ता सङ्गठनहरूको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछ :-

(क) संरक्षक परिषद्,

(ख) कार्यकारी परिषद्,

(ग) प्राज्ञिक परिषद्,

(घ) संकाय,

(ङ) महाविद्यालय,

(च) सल्लाहकार परिषद्

(छ) तोकिए बमोजिमका अन्य निकाय।

६. **विश्वविद्यालयका पदाधिकारी** : विश्वविद्यालयमा देहायका पदाधिकारी रहने छन् :-

(क) कुलपति,

(ख) सहकुलपति,

(ग) उपकुलपति,

(घ) रजिष्ट्रार,

(ङ) संकाय निर्देशक,

(च) महाविद्यालय प्रमुख,

(छ) तोकिए बमोजिमका अन्य पदाधिकारी।

## परिच्छेद–३

## संरक्षक परिषदको गठन तथा काम, कर्तव्य र अधिकार

७. **संरक्षक परिषद्को गठन** : (१) विश्वविद्यालयको सर्वोच्च निकायको रुपमा एक संरक्षक परिषद् रहनेछ।

(२) संरक्षक परिषद्को गठन देहाय बमोजिम हुनेछ : –

(क) कुलपति - अध्यक्ष

(ख) सहकुलपति -उपाध्यक्ष

(ग) उपकुलपति -सदस्य

(घ) विश्वविद्यालय अनुदान आयोगको सदस्य एकजना – सदस्य

(ङ) सचिव, मन्त्रालय – सदस्य

(च) सचिव, प्रदेशको अर्थसम्बन्धी विषय हेर्ने मन्त्रालय –सदस्य

(छ) प्रदेशभित्रका स्थानीय तहका प्रमुख र अध्यक्ष मध्येबाट कुलपतिबाट मनोनित कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य

(ज) विज्ञान तथा प्रविधिसम्बन्धी विषय क्षेत्रमा न्यूनतम पन्ध्र वर्षको

प्राध्यापनको अनुभव प्राप्त गरेका प्राध्यापकमध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना – सदस्य

(झ) कम्तीमा पन्ध्र वर्ष विश्वविद्यालय वा उच्चशिक्षा प्रदायक संस्थामा विज्ञान तथा प्रविधि शिक्षा तर्फ नेतृत्वदायी भूमिका निर्वाह गरी राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएका व्यक्तिमध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(ञ) विज्ञान तथा प्रविधि वाहेकको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको प्राध्यापन सेवाको अनुभव भएका प्राध्यापकमध्येबाट एकजना -सदस्य

(ट) नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही वा प्रदेश सरकारको कम्तीमा दशौं तहको सेवामा रही उत्कृष्ट योगदान गरेका व्यक्तिमध्येबाट एकजना – सदस्य

(ठ) विज्ञान र प्रविधिको क्षेत्रसँग सम्बद्ध उद्योग व्यवसायमा उल्लेखनीय योगदान गरेका व्यक्तिमध्येबाट एकजना - सदस्य

(ड) उद्योग तथा वाणिज्य क्षेत्रका महासंघको प्रदेश अध्यक्ष मध्येबाट एकजना - सदस्य

(ढ) विश्वविद्यालयलाई तोकिए भन्दा बढी सहयोग उपलब्ध गराउने दातामध्येबाट एकजना - सदस्य

(ण) रजिष्ट्रार - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ज), (झ), (ञ), (ट), (ठ), (ड) र (ढ) बमोजिमका सदस्यहरूको मनोनयन संरक्षक परिषद्को सिफारिसमा कुलपतिबाट हुनेछ।

(४) उपदफा (३) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको पुन: मनोनयन हुन सक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि पहिलो पटक मनोनीत संरक्षकहरूको पदावधि कायम गर्दा गोला प्रथाबाट चार जनाको चार वर्ष, चार जनाको तीन वर्ष र बाँकी चार जनाको दुई वर्ष कायम गरिनेछ।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि पहिलो पटकका लागि उपदफा (२) को खण्ड (ज), (झ), (ञ), (ट), (ठ), (ड) र (ढ) बमोजिमका सदस्यको मनोनयन उपदफा (७) बमोजिमको सिफारिस समितिको सिफारिसमा प्रदेश सरकारले गर्नेछ।

तर, उपदफा (२) को खण्ड (छ) बमोजिमको पदाधिकारीको हकमा उपदफा (४) र उपदफा (५) बमोजिम तोकिएको पदावधि समाप्त हुनु अगावै निजको पद समाप्त भएमा संरक्षक परिषदको सदस्य पद स्वत: समाप्त भएको मानिने छ।

(७) यो ऐन प्रारम्भ भएपछि पहिलो पटकको लागि उपदफा (२) को खण्ड (ज), (झ), (ञ), (ट), (ठ), (ड) र (ढ) बमोजिमका सदस्यको मनोनयन गर्ने प्रयोजनको लागि नाम सिफारिस गर्न प्रचलित कानून बमोजिम स्थापना भएका विश्वविद्यालयका वहालवाला वा पूर्व उपकुलपति वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदबाट सेवा निवृत व्यक्तिमध्येबाट एकजना संयोजक र ख्यातिप्राप्त वहालवाला वा पूर्व प्राध्यापकमध्येबाट एकजना तथा स्वदेश वा विदेशमा विज्ञान तथा प्रविधिको क्षेत्रमा अन्तर्राष्ट्रिय संस्था वा विश्वविद्यालयमा कम्तीमा पन्ध्र बर्षको नेतृत्वदायी भूमिका निर्वाह गरेका व्यक्तिमध्येबाट एकजना सदस्य रहने गरी प्रदेश सरकारले एक सिफारिस समिति गठन गर्नेछ।

(८) उपदफा (७) बमोजिमको सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि तथा सदस्यको मनोनयनको लागि नाम सिफारिस गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रिया सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(९) उपदफा (७) बमोजिमको सिफारिस समितिले कार्य प्रारम्भ गरेको मितिले तीस दिनभित्र मनोनयन गरिने व्यक्तिको नाम प्रदेश सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

(१०) उपदफा (७) बमोजिमको सिफारिस समितिका संयोजक र सदस्यको सुविधा त्यस्तो सिफारिस समिति गठन हुँदाका बखत प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(११) उपदफा (२) बमोजिम मनोनीत कुनै सदस्यको पद रिक्त हुन गएमा त्यस्तो सदस्य जुन प्रकृयाबाट मनोनयन भएको हो, सोही प्रकृयाबाट रिक्त पदमा मनोनयन गर्नु पर्नेछ।

(१२) यस दफा बमोजिम मनोनीत सदस्यको पदावधि समाप्त हुनुभन्दा दुई महिना अगावै यस दफा बमोजिम मनोनयन प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(१३) यस दफा बमोजिम मनोनीत कुनै सदस्यको कार्य सम्पादन सन्तोषजनक नदेखिएमा त्यस्तो सदस्यलाई संरक्षक परिषद्ले पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्न मनासिव मौका दिनु पर्नेछ।

(१४) संरक्षक परिषद्को बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **संरक्षक परिषद्को काम, कर्तव्य र अधिकार :** संरक्षक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विश्वविद्यालयको नीति, योजना, रणनीति तथा मापदण्ड स्वीकृत गर्ने,

(ख) विश्वविद्यालय र मातहतका संगठनको सङ्गठन संरचना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) विश्वविद्यालयलाई आवश्यक पर्ने नियम स्वीकृत गर्ने,

(घ) विश्वविद्यालयको तर्फबाट प्रदान गरिने उपाधि निर्धारण गर्ने र प्रदान गर्ने,

(ङ) शैक्षिक कार्यक्रम, आङ्गिक महाविद्यालय, तोकिएका निकायको स्थापना तथा सञ्चालन सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने, गराउने,

(च) विश्वविद्यालयका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने, गराउने,

(छ) विश्वविद्यालयको प्राज्ञिक मूल्य र मान्यतालाई संरक्षण र सम्वर्द्धन गर्ने तथा विश्वविद्यालय र मातहतका निकायहरूलाई निर्देशन वा मार्गदर्शन दिने,

(ज) विश्वविद्यालयको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन स्वीकृत गर्ने,

(झ) विश्वविद्यालय, उच्च शिक्षा प्रदायक महाविद्यालयसँग अध्ययन, अध्यापन, तालीम, अनुसन्धान, अन्वेषण, नवप्रवर्तन र नवीनतम प्रविधिको विकास तथा विस्तारका लागि आवश्यकता अनुसार सम्झौता गर्न स्वीकृति दिने,

(ञ) विज्ञान तथा प्रविधिको नयाँ ज्ञानको विकास र विस्तारका साथै विशेषज्ञ परामर्श सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने, गराउने,

(ट) पदाधिकारी, अध्यापक, अनुसन्धानकर्ता र कर्मचारीको नियुक्ति, मनोनयन, सेवाका शर्त, तलब तथा सुविधा निर्धारण सम्बन्धी कार्य गर्ने, गराउने,

(ठ) विश्वविद्यालयको काम कारवाहीलाई व्यवस्थित गर्न पदपूर्ति समिति तथा आवश्यकता अनुसारको समिति, उपसमिति, कार्यदल गठन गर्ने,

(ड) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

## परिच्छेद-४

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

९. **कार्यकारी परिषद्को गठन** : (१) विश्वविद्यालयको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछः –

(क) उपकुलपति –अध्यक्ष

(ख) संरक्षक परिषद्का सदस्य मध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना –सदस्य

(ग) संकायका निर्देशक वा विश्वविद्यालयका प्राध्यापक मध्येबाट –सदस्य

(घ) रजिष्ट्रार –सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमका सदस्यको मनोनयन संरक्षक परिषद्ले तथा खण्ड (ग) बमोजिमका सदस्यको मनोनयन उपकुलपतिले गर्नेछ।

(४) उपदफा (३) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको पुनः मनोनयन हुन सक्नेछ।

(५) कार्यकारी परिषद्को बैठकमा आवश्यकता अनुसार विश्वविद्यालयको कुनै पदाधिकारी, अध्यापक, कर्मचारी वा कार्यकारी परिषद्को कामसँग सम्बन्धित व्यक्तिलाई भाग लिन आमन्त्रण गर्न सकिनेछ।

(६) कार्यकारी परिषद्को बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **<u>कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार</u>** : कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संरक्षक परिषद्को निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) विश्वविद्यालयको लागि आवश्यक पर्ने नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि संरक्षक परिषद्मा पेश गर्ने,

(ग) शैक्षिक कार्यक्रम सञ्चालन, आङ्गिक महाविद्यालय स्थापना र सञ्चालन सम्बन्धी स्वीकृति दिने,

(घ) नयाँ ज्ञान र नवीनतम प्रविधिको विकास तथा विस्तारका लागि अनुसन्धान केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी स्वीकृति दिने,

(ङ) प्रचलित कानूनको अधीनमा रही नवीनतम प्रविधिसम्बन्धी कार्य गर्न आवश्यकता अनुसार अनुसन्धान तथा उत्पादन केन्द्र स्थापना र सञ्चालन सम्बन्धी स्वीकृति दिने,

(च) विश्वविद्यालयको तर्फबाट प्रदान गरिने उपाधि निर्धारण र प्रदान गर्ने सम्बन्धमा संरक्षक परिषद्मा सिफारिस गर्ने,

(छ) विश्वविद्यालयको नीति, योजना, रणनीति, मापदण्ड, संगठन संरचना, वार्षिक बजेट तथा कार्यक्रम, प्रगति विवरण, उपाधि निर्धारण गर्ने र प्रदान गर्ने, वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रस्ताव तयार गरी स्वीकृतिको लागि संरक्षक परिषद्मा पेश गर्ने,

(ज) विश्वविद्यालय मातहतका निकायबाट सम्पादन गरिने काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा आवश्यकता अनुसार त्यस्ता निकायलाई निर्देशन दिने,

(झ) संरक्षक परिषद्को नीति निर्देशन र प्रचिलत कानूनको अधीनमा रही विश्वविद्यालयको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

(ञ) विश्वविद्यालयको लागि आवश्यक पर्ने पदाधिकारी, अध्यापक, अनुसन्धानकर्ता तथा कर्मचारीको दरवन्दी, सेवाका शर्त, तलव तथा सुविधा निर्धारण स्वीकृतिको लागि संरक्षक परिषद्मा पेश गर्ने,

(ट) स्वीकृत दरबन्दीमा पदपूर्ति समितिको सिफारिस बमोजिम नियुक्ति तथा बढुवा गर्ने,

(ठ) विश्वविद्यालयका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने, गराउने,

(ड) विश्वविद्यालय वा उच्च शिक्षा प्रदायक महाविद्यालयसँग अध्ययन, अध्यापन, तालिम, अनुसन्धान, अन्वेषण, नवप्रवर्तन र नवीनतम प्रविधिको विकास तथा विस्तारका लागि आवश्यकता अनुसार सम्झौता गर्न संरक्षक परिषद् समक्ष प्रस्ताव पेश गर्ने,

(ढ) अध्ययन, तालिम तथा अनुसन्धान र अन्य शुल्क निर्धारण गर्ने,

(ण) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन, प्रकाशनसम्बन्धी कार्यको पहुँच र गुणस्तर सुनिश्चित गर्ने,

(त) विश्वविद्यालयको हित विपरित काम गर्ने वा सन्तोषजनक कार्य सम्पादन गर्न नसक्ने अन्य पदाधिकारीलाई कारबाही गर्ने,

(थ) विश्वविद्यालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार तथा निजी क्षेत्र बीच सहकार्य तथा समन्वय गर्ने,

(द) तोकिएका निकायलाई सरकारी, सहकारी, निजी क्षेत्र र स्थानीय समुदायसँग सहकार्य, समन्वय र पारस्परिक आदान प्रदान गर्न प्रचलित कानून बमोजिम अनुमति दिने,

(ध) नवीनतम प्रविधिको विकास र विस्तारका लागि प्रचलित कानून बमोजिम अनुमति दिने,

(न) विश्वविद्यालयको शैक्षिक क्यालेण्डर स्वीकृत गर्ने, र

(प) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

## परिच्छेद-५

## प्राज्ञिक परिषदको गठन तथा काम, कर्तव्य र अधिकार

**११. प्राज्ञिक परिषद्को गठन :** (१) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यको उन्नयनका लागि अनुकूल वातावरण निर्माण गर्न र उपर्युक्त कार्यलाई ब्यवस्थित र नियमित गर्न विश्वविद्यालयमा एक प्राज्ञिक परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिमको प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछ : -

(क) उपकुलपति –अध्यक्ष

(ख) विज्ञान तथा प्रविधि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने अन्य विश्वविद्यालयका डीनमध्येबाट एकजना –सदस्य

(ग) महाविद्यालय प्रमुख वा विभागीय प्रमुखमध्येबाट एकजना –सदस्य

(घ) प्राध्यापक मध्येबाट एकजना -सदस्य

(ङ) विज्ञान तथा प्रविधिसम्बन्धी शिक्षाको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएका विज्ञ मध्येबाट एक जना महिला सहित दुईजना –सदस्य

(च) संकायका निर्देशक – सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिमका सदस्यहरूको मनोनयन संरक्षक परिषद्ले गर्नेछ।

(४) उपदफा (२) को खण्ड (च) बमोजिमको सदस्य-सचिवको मनोनयन उपकुलपतिले गर्नेछ।

(५) उपदफा (३) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निज पुन : मनोनयन हुन सक्नेछ।

(६) प्राज्ञिक परिषद्को बैठकमा आवश्यकता अनुसार विश्वविद्यालयको कुनै पदाधिकारी, अध्यापक, कर्मचारी वा संकाय परिषद्को कामसँग सम्बन्धित विशेषज्ञलाई भाग लिन आमन्त्रण गर्न सकिनेछ।

(७) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **<u>प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार</u>** : (१) प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : -

(क) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन र प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित, नियमित र गुणस्तरयुक्त बनाउन आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(ख) विश्वविद्यालयको तर्फबाट प्रदान गरिने उपाधि निर्धारण र प्रदान गर्ने सम्बन्धमा कार्यकारी परिषद्लाई परामर्श दिने,

(ग) शैक्षिक कार्यक्रम, आङ्गिक महाविद्यालय, तोकिएका निकायको स्थापना तथा सञ्चालन सम्बन्धमा कार्यकारी परिषद्मा सिफारिस गर्ने,

(घ) विश्वविद्यालयको लागि आवश्यक पर्ने अध्यापक तथा अनुसन्धानकर्ताको योग्यता निर्धारण गर्ने,

(ङ) विश्वविद्यालयबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमको स्तर निर्धारण तथा पाठ्यक्रम स्वीकृत गर्ने,

(च) विद्यार्थी भर्ना छनौट सम्बन्धी आधार निर्धारण गर्ने,

(छ) परीक्षाको मापदण्ड निर्धारण गर्ने,

(ज) विश्वविद्यालयको तर्फबाट प्रदान गरिने छात्रवृत्ति, पदक, पुरस्कार र रोयल्टी निर्धारण सम्बन्धी कार्य गर्ने, प्राज्ञिक परिषद्सँग सम्बन्धित संरक्षक परिषद् र कार्यकारी परिषद्को निर्णय कार्यान्वयन तथा अनुगमन गर्ने, गराउने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने।

## परिच्छेद - ६

## <u>विद्या परिषद् र विषय समिति सम्बन्धी व्यवस्था</u>

१३. **<u>विद्या परिषद्</u>** : (१) विश्वविद्यालयको प्राज्ञिक निकायको प्रमुखका रूपमा काम गर्न संकाय निर्देशकको संयोजकत्वमा एक विद्या परिषद् रहनेछ।

(२) विद्या परिषद्मा बढीमा पाँचजना सदस्यहरू रहने छन् ।

(३) समावेशीता रहने गरी विद्यापरिषद्को सदस्यको मनोनयन संकाय निर्देशकले गर्नेछ।

(४) उपदफा (३) बमोजिमका सदस्यको पदावधि दुईवर्षको हुनेछ र निजको पुनः मनोनयन हुन सक्नेछ।

(५) विद्या परिषद्को बैठक सम्बन्धी कार्यविधि विद्या परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **<u>विद्या परिषद्को काम, कर्तव्य र अधिकार</u>** : विद्या परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राज्ञिक परिषद्ले विद्यार्थी भर्नाका लागि निर्धारण गरेको योग्यताको आधारमा विद्यार्थी छनौटको आधार र प्रक्रिया तथा सिट संख्या तोक्न सिफारिस गर्ने,

(ख) उपाधि निर्धारण, थपघट वा हेरफेर गर्न वा खारेज गर्न संकाय परिषद्मा सिफारिस गर्ने,

(ग) संकायसँग सम्बन्धित विधाहरूको पाठ्यक्रम निर्धारण, अनुमोदन तथा संशोधन गर्न प्राज्ञिक परिषद्मा सिफारिस गर्ने,

(घ) शैक्षिक कार्यक्रमसँग सम्बन्धित परीक्षाको किसिम तोक्न, हेरफेर गर्न, परीक्षा सम्बन्धी शर्तहरू र अन्य व्यवस्था गर्न प्राज्ञिक परिषद्मा सिफारिस गर्ने,

(ङ) संकाय र मातहतका महाविद्यालयमा सञ्चालन हुने वा सञ्चालन भएका शैक्षिक कार्यक्रमहरूका निमित्त चाहिने पूर्वाधार तथा सुविधा निर्धारण गर्ने र मूल्याङ्कन गर्ने,

(च) संकाय निर्देशकले विद्या परिषद्बाट निर्णय हुनु पर्ने भनी आवश्यक देखेका अन्य विषय ।

१५. **<u>विषय समिति</u>** : (१) विद्या परिषद्को काम कारबाहीलाई सघाउ पुऱ्याउन आवश्यक संख्यामा विषय समिति रहनेछन्।

(२) विषय समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

तर यस परिच्छेदमा व्यवस्था भएका विद्या परिषद् वा विषय समितिको कार्य गर्न संरक्षक परिषदले प्राज्ञिक परिषदलाई जिम्मेवारी दिन सक्ने छ ।

## परिच्छेद-७

## <u>संकाय, महाविद्यालय र अन्य निकाय सम्बन्धी व्यवस्था</u>

१६. **<u>संकाय</u>** : (१) विश्वविद्यालयमा अध्ययन, अध्यापन र अनुसन्धान गर्ने विधाका आवश्यक सङ्ख्यामा संकायहरु रहनेछन्।

(२) उपदफा (१) बमोजिमका संकायहरू विश्वविद्यालयको उद्देश्य तथा नीतिको अधीनमा रही प्राज्ञिक रूपमा स्वायत्त हुनेछन्।

(३) विद्यार्थी संख्या, भौतिक स्रोत र साधनको पर्याप्तता तथा कार्यबोझ समेतका आधारमा एक वा एक भन्दा बढी शैक्षिक कार्यक्रम तथा अन्य कार्यहरू एउटै संकायअन्तर्गत सञ्चालन गर्न सकिनेछ।

(४) संकाय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **<u>महाविद्यालय</u>** : (१) विश्वविद्यालयले संकाय मातहत सञ्चालन हुने गरी आवश्यक सङ्ख्यामा आङ्गिक महाविद्यालयहरू स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) विश्वविद्यालयले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सामुदायिक संस्थाको सहकार्यमा महाविद्यालय स्थापना गरी वा सहकार्य वा साझेदारी वा स्वामित्व लिई सञ्चालन गर्न सक्नेछ।

(३) विश्वविद्यालयले नेपाल सरकारको अनुमतिमा नेपाल सरकार मातहतको कुनैपनि विश्वविद्यालय वा उच्च शिक्षा प्रदायक संकाय वा महाविद्यालयको स्वामित्व प्राप्त गरी सञ्चालन गर्न सक्नेछ।

(४) संकाय वा महाविद्यालयको स्थापना, सहकार्य, विश्वविद्यालय वा उच्च शिक्षा प्रदायक संस्था वा महाविद्यालयको स्वामित्व, साझेदारी वा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१८. अन्य निकाय** : (१) विश्वविद्यालयले प्रविधि क्षेत्रमा अनुसन्धान वा नव प्रवर्तन वा उत्पादन र नवीनतम प्रविधिको विकास र विस्तार कार्यलाई व्यवस्थित गर्न आवश्यक संख्यामा अनुसन्धान केन्द्र वा उत्पादन केन्द्र जस्ता अन्य निकायहरू स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(२) अनुसन्धान केन्द्र वा उत्पादन केन्द्र जस्ता अन्य निकायको सञ्चालनका लागि तोकिए बमोजिमका पदाधिकारी रहनेछन् र त्यस्ता निकायको सञ्चालनको लागि विश्वविद्यालयले आवश्यक संख्यामा कर्मचारी नियुक्त गर्न सक्नेछ।

(३) अनुसन्धान केन्द्र वा उत्पादन केन्द्र जस्ता अन्य निकाय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–८

## विश्वविद्यालयका पदाधिकारी, अध्यापक तथा कर्मचारी

**१९. कुलपति** : (१) प्रदेश सरकारको मुख्यमन्त्री विश्वविद्यालयको कुलपति हुनेछ।

(२) कुलपति विश्वविद्यालयको प्रमुख हुनेछ र कुलपतिले विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षता ग्रहण गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले कुलपति विश्वविद्यालयको दिक्षान्त समारोहमा उपस्थित हुन नसक्ने भएमा सहकुलपतिले त्यस्तो समारोहको अध्यक्षता ग्रहण गर्न बाधा पर्ने छैन।

(४) कुलपतिले आवश्यकतानुसार विश्वविद्यालयको निरीक्षण गर्न र निर्देशन दिन सक्नेछ।

**२०. सहकुलपतिः** (१) प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयको मन्त्री विश्वविद्यालयको सहकुलपति हुनेछ।

(२) कुलपतिको अनुपस्थितिमा सहकुलपतिले विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षता ग्रहण गर्नेछ।

(३) सहकुलपतिले आवश्यकतानुसार विश्वविद्यालयको निरीक्षण गर्न र निर्देशन दिन सक्नेछ।

२१. **उपकुलपति** : (१) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा प्रशासनिक मामिला हेर्ने प्रमुख पदाधिकारीका रूपमा उपकुलपति रहनेछ।

(२) उपकुलपति विश्वविद्यालयमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न सहकुलपतिको संयोजकत्वमा कुलपतिले तोकेको संरक्षक परिषद्को मनोनीत सदस्यमध्ये एकजना सदस्य र मन्त्रालयको सचिव सदस्यसचिव रहने गरी तीन सदस्यीय सिफारिस समिति रहनेछ।

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले उपकुलपति पदमा नियुक्त हुन योग्य तीनजना व्यक्तिको नाम कुलपति समक्ष सिफारिस गर्नुपर्नेछ। यसरी सिफारिस भएका मध्येबाट कुलपतिले एकजना उपकुलपति नियुक्त गर्नु पर्नेछ।

(५) उपकुलपति सिफारिस सम्बन्धी अन्य व्यवस्था सिफारिस समिति आफैले निर्धारण गर्न सक्नेछ।

(६) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

(७) उपकुलपतिले कुलपतिको सामान्य नियन्त्रण र निर्देशनमा रही कार्य सम्पादन गर्नेछ।

(८) उपकुलपतिको अनुपस्थितिमा निजको काम कुलपतिले तोकेबमोजिमको पदाधिकारीबाट हुनेछ।

(९) उपकुलपतिको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **उपकुलपतिको योग्यता** : देहायको योग्यता भएको व्यक्ति उपकुलतिमामा नियुक्त हुन योग्य हुनेछः-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट विज्ञान तथा प्रविधिको कुनै विधामा विद्यावारिधि उपाधि प्राप्त गरेको,

(ख) प्रचलित कानून बमोजिम स्थापित विश्वविद्यालयमा प्राध्यापकको नियुक्ति पत्र प्राप्त गरेको,

(ग) विज्ञान तथा प्रविधि वा शैक्षिक प्रशासन वा व्यवस्थापन सम्बन्धी अध्ययन, अध्यापन, अनुसन्धानको क्षेत्रमा कम्तीमा सह-प्राध्यापक वा सो सरहको पदमा न्यूनतम दश वर्षको प्राध्यापन सेवाको अनुभव प्राप्त गरेको,

(घ) प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको,

(ङ) चालिस वर्ष उमेर पूरा भएको।

२३. **उपकुलपतिको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लिखित काम कर्तव्य र अधिकारका अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक, अनुसन्धान तथा नव प्रवर्तन सम्बन्धी मामिलाको नेतृत्व र समन्वय गर्ने,

(ख) शिक्षण, प्रशिक्षण र अनुसन्धानको स्तर कायम राख्ने,

(ग) विश्वविद्यालयको संकाय, अन्य प्राज्ञिक निकाय, महाविद्यालय संचालन लगायतका कार्यको नेतृत्व र समन्वय गर्ने,

(घ) शैक्षिक कार्यक्रमको तयारी र कार्यान्वयनका सम्बन्धमा रेखदेख, सामञ्जस्य, अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन र कारवाही गर्ने तथा निर्देशन दिने,

(ङ) पदक, छात्रवृत्ति, अध्यापक, कर्मचारी, वृत्ति विकास र शैक्षिक आदानप्रदान कार्यक्रम सम्बन्धी कार्य गर्ने,

(च) पाठ्यक्रम, पाठ्यपुस्तक, पुस्तकालय, परीक्षाका नीति योजना र कार्यक्रमको निर्धारण, समन्वय एवम् मूल्याङ्कनसम्बन्धी कार्य गर्ने,

(छ) शैक्षिक, प्राज्ञिक, अनुसन्धान विषयमा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा समन्वय कायम गर्ने,

(ज) शैक्षिक प्रणालीको नियमन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(झ) विद्यार्थीको अतिरिक्त क्रियाकलाप, खेलकूद, सामाजिक सेवासम्बन्धी कार्यक्रमको नीति निर्धारण, समन्वय र मूल्याङ्कन गर्ने,

(ञ) मातहतका पदाधिकारी र संकाय, शैक्षिक विभाग तथा महाविद्यालयहरूको रेखदेख, नियन्त्रण, मूल्याङ्कन, समन्वय सम्बन्धी कार्य गर्ने,

(ट) परीक्षाको प्राज्ञिक र शैक्षिक गुणस्तर निर्धारण गर्न निर्देशन दिने,

(ठ) शैक्षिक मामिलामा कुलपति, संरक्षक परिषद्लाई राय सुझाव एवम परामर्श दिने,

(ड) विश्वविद्यालयको अल्पकालीन, दीर्घकालीन योजना तथा कार्यक्रम तर्जुमा गर्ने, गराउने,

(ढ) संरक्षक परिषद्मा गरिने छलफल तथा निर्णयका लागि प्रस्ताव पेश गर्ने र संरक्षक परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ण) विश्वविद्यालयको सबै कामकारबाही उपर रेखदेख गर्ने र आवश्यकता अनुसार मातहतका निकायलाई निर्देशन दिने,

(त) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी उल्लेख भएका कामहरू वाहेक अन्य कार्य गर्ने,

(थ) विश्वविद्यालयको प्रशासन सम्बन्धी कार्य गर्ने,

(द) विश्वविद्यालयको कोष सञ्चालन, लेखा र लेखा परीक्षण गर्ने वा गराउने,

(ध) आन्तरिक प्रशासन सम्बन्धी नीति तथा योजनाको तर्जुमा गर्ने र सो को कार्यान्वयन गर्ने वा गराउने,

(न) विश्वविद्यालयको आर्थिक प्रशासन सम्बन्धी नीति तथा योजना तयार गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(ञ) विश्वविद्यालयको सम्पत्तिको व्यवस्थापन, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने,

(प) विश्वविद्यालयको आर्थिक आयव्ययको अनुमान तयार गर्ने वा गराउने

(फ) विश्वविद्यालय अन्तर्गतका सबै निकायको निरीक्षण गर्ने र प्रशासन तथा व्यवस्थापन कार्यमा कुनै त्रुटि देखिएमा सुधार गर्ने तथा कर्मचारीलाई विभागीय कारवाही गर्ने,

(ब) विश्वविद्यालयद्वारा सञ्चालन गरिने परीक्षाको रेखदेख, नियन्त्रण र व्यवस्था गर्ने,

(भ) कार्यकारी परिषद् तथा कुलपतिले निर्देशन गरे बमोजिमको कार्य गर्ने,

(म) कुलपतिको अनुपस्थितिमा विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता गर्ने,

(य) कुलपतिले निर्देशन गरे बमोजिमको कार्य गर्ने, गराउने।

**२४. <u>रजिष्ट्रार</u>** : (१) रजिष्ट्रारको नियुक्ति उपकुलपतिको सिफारिसमा कुलपतिबाट हुनेछ।

(२) रजिष्ट्रारको पदावधि चार बर्षको हुनेछ।

(३) विश्वविद्यालयको, शैक्षिक, आर्थिक र कर्मचारी प्रशासन रजिष्ट्रारको सामान्य रेखदेखमा हुनेछ।

(४) रजिष्ट्रारको पारिश्रमिक, सेवा सुविधा तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

**२५. <u>रजिष्ट्रारको योग्यता</u>** : देहायको योग्यता भएको व्यक्ति रजिष्ट्रार पदमा नियुक्त हुनका योग्य मानिनेछः-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) उच्च शिक्षामा प्राध्यापन वा प्राज्ञिक अनुसन्धान वा विज्ञान प्रविधिसँग सम्बन्धित सेवाको कार्यकारी प्रशासकको पदमा वा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पद वा सोभन्दा माथिको पदमा कम्तीमा पाँच बर्ष कार्य अनुभव हाँसिल गरेको,

(ग) शैक्षिक, प्राज्ञिक उन्नयन वा प्रशासनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको,

(घ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य नरहेको,

(ङ) पैतिस बर्ष उमेर पूरा भएको र नियुक्ति हुँदाका बखत एकसठ्ठी बर्ष उमेर ननाघेको,

(च) उच्च नैतिक चरित्र भएको।

**२६. <u>रजिष्ट्रारको काम, कर्तव्य र अधिकार</u>** : (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको शिक्षक तथा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,

(ख) विश्वविद्यालयको कोष सञ्चालन, लेखा र लेखा परीक्षण गर्ने वा गराउने,

(ग) आन्तरिक प्रशासन सम्बन्धी नीति तथा योजना कार्यान्वयन गर्ने वा गराउने,

(घ) विश्वविद्यालयको आर्थिक प्रशासन सम्बन्धी नीति तथा योजना कार्यान्वयन गर्ने वा गराउने,

(ङ) विश्वविद्यालयको सम्पत्तिको व्यवस्थापन, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने,

(च) विश्वविद्यालयको आर्थिक आयव्ययको अनुमान तयार गर्ने वा गराउने,

(छ) विश्वविद्यालय अन्तर्गतका सबै निकायको निरीक्षण गर्ने र प्रशासन तथा व्यवस्थापन कार्यमा कुनै त्रुटि देखिएमा सुधार गर्ने तथा कर्मचारीलाई विभागीय कारबाही गर्ने,

(ज) विश्वविद्यालयद्वारा सञ्चालन गरिने परीक्षाको रेखदेख,नियन्त्रण र व्यवस्थापन गर्ने,

(झ) कार्यकारी परिषद् तथा उपकुलपतिले निर्देशन गरे बमोजिमको कार्य गर्ने।

(२) रजिष्ट्रारले उपकुलपतिको सामान्य नियन्त्रण र निर्देशनमा रही कार्यसम्पादन गर्नु पर्नेछ।

२७. **<u>संकाय निर्देशक</u>**ः (१) संकायको प्रमुखको हैसियतमा काम गर्ने पदाधिकारीको रूपमा संकाय निर्देशक रहनेछ।

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट विज्ञान तथा प्रविधि तर्फको कुनै विधामा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेका विज्ञमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा संरक्षक परिषद्ले संकाय निर्देशक नियुक्ति गर्नेछ।

(३) संकाय निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(४) संकाय निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछन्।

२८. **<u>संकाय निर्देशकको काम, कर्तव्य र अधिकार</u>** ः यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त संकाय निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः -

(क) संकाय निर्देशकको रूपमा प्राज्ञिक तथा शैक्षिक नेतृत्व गर्ने,

(ख) संकाय र मातहतका महाविद्यालयमा सञ्चालन हुने शैक्षिक कार्यक्रम, विद्यार्थी भर्ना, सिट निर्धारण, पाठ्यक्रम विकास, परीक्षा सञ्चालन, व्यवस्थापन तथा उपाधिसम्बन्धी कार्य गर्ने, गराउने,

(ग) संकाय अन्तर्गतका विधामा पठनपाठन र अनुसन्धानको स्तर विकासका लागि आवश्यक पर्ने कार्य गर्ने, गराउने,

(घ) वार्षिक शैक्षिक क्यालेण्डर तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ङ) शैक्षिक कार्यक्रमका निमित्त चाहिने पूर्वाधार तथा सुविधा निर्धारण र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने, गराउने,

(च) विद्या परिषद् र विषय समितिको क्रियाकलापमा समन्वय गर्ने,

(छ) प्राज्ञिक परिषद्बाट स्वीकृति लिनुपर्ने विषयको प्रस्ताव तयार गरी प्राज्ञिक परिषद् समक्ष पेश गर्ने गराउने,

(ज) संरक्षक परिषद्, प्राज्ञिक परिषद् र कार्यकारी परिषद्बाट तोकिएका काम गर्ने, गराउने।

२९. **<u>महाविद्यालय प्रमुख</u>** : (१) महाविद्यालयको प्रमुखका रुपमा काम गर्नको लागि संकाय निर्देशकको सिफारिसमा उपकुलपतिले महाविद्यालय प्रमुख नियुक्ति गर्नेछ।

(२) महाविद्यालय प्रमुख सम्बन्धित महाविद्यालयको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) महाविद्यालय प्रमुखको नियुक्ति चार वर्षका लागि हुनेछ।

(४) महाविद्यालय प्रमुखको सेवा, शर्त तथा सुविधा र काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३०. **<u>उपकुलपति पदमुक्त हुने अवस्था</u>** : (१) उपकुलपतिले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरुपको आचरण नगरेको वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा गरेको छैन भनी संरक्षक परिषद्मा तत्काल कायम रहेका एक चौथाई सदस्यले कुलपतिसमक्ष लिखित निवेदन दिएमा सोको पन्ध्र दिनभित्र संरक्षक परिषद्ले संरक्षक परिषद्का सदस्यहरू रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छानबिन समिति गठन भएको बढीमा पैंतालीस दिनभित्र छानबिन समितिले कार्य सम्पन्न गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको छानबिन समितिले उपकुलपतिले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन नगरेको भनी सिफारिस गरेमा र त्यस्तो सिफारिस प्राप्त भएको एक महिनाभित्र संरक्षक परिषद्को बैठक आयोजना गरी बहुमतले पारित भएमा निज पदाधिकारी पदमुक्त हुनेछ।

(४) उपदफा (१) बमोजिम छानबिन समिति गठन भएपछि उपदफा (३) बमोजिम संरक्षक परिषद्बाट निर्णय नभएसम्म त्यस्तो पदाधिकारी आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

(५) उपदफा (३) बमोजिम पदबाट हटाउने सिफारिस गर्नु अघि छानबिन समितिले निज उपर लागेको आरोपको सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम पदाधिकारी निलम्बन भएको अवस्थामा त्यस्तो निलम्वन भएको अवधिभर कार्य सञ्चालन गर्न संरक्षक परिषद्ले विश्वविद्यालयको कुनै पदाधिकारीलाई तोक्न सक्नेछ।

३१. **<u>रजिष्ट्रार, संकाय निर्देशक, महाविद्यालय प्रमुख वा अन्य पदाधिकारी पदमुक्त हुने अवस्था</u>** : (१) यस ऐन बमोजिम तथा तोकिए बमोजिम नियुक्त हुने कुनै पदाधिकारीको पदावधिका सम्बन्धमा जुनसुकै कुरा

लेखिएको भए तापनि विश्वविद्यालयका रजिष्ट्रार, संकाय निर्देशक, महाविद्यालय प्रमुख वा अन्य पदाधिकारीले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण पालना नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी आधार र कारण खुलाई कसैले प्रमाण सहित कार्यकारी परिषद् समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर छानबिन गर्ने प्रयोजनको लागि कार्यकारी परिषद्ले आफ्नो कुनै सदस्यको अध्यक्षतामा तीन जना सदस्य रहेको छानबिन समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको छानबिन समितिले रजिष्ट्रार, संकाय निर्देशक, महाविद्यालय प्रमुख वा अन्य पदाधिकारीका सम्बन्धमा उपदफा (१) बमोजिम परेको उजुरी सम्बन्धी विषयमा आवश्यक छानविन गरी कार्यकारी परिषद्समक्ष प्रतिवेदन पेस गर्नेछ।

(४) कार्यकारी परिषद्ले उपदफा (३) बमोजिम पेस भएको प्रतिवेदन अध्ययन गर्दा त्यस्तो रजिष्ट्रार, संकाय निर्देशक, महाविद्यालय प्रमुख वा अन्य पदाधिकारी लाई पदबाट हटाउनु पर्ने देखिएमा त्यस्तो पदबाट हटाउन संरक्षक परिषद् समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिमको सिफारिसको आधारमा संरक्षक परिषद्ले रजिष्ट्रार, संकाय निर्देशक, महाविद्यालय प्रमुख वा अन्य पदाधिकारी लाई पदबाट हटाउनेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(६) रजिष्ट्रार, संकाय निर्देशक, महाविद्यालय प्रमुख वा अन्य पदाधिकारी पदबाट हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **अध्यापक तथा कर्मचारी:** (१) विश्वविद्यालयमा आवश्यक संख्यामा अध्यापक तथा कर्मचारी रहने छन् ।

(२) उपदफा (१) बमोजिमका अध्यापक तथा कर्मचारीको नियुक्ति तथा बढुवा संरक्षक परिषदबाट गठन हुने पदपूर्ति समितिको सिफारिसमा हुनेछ।

(३) विश्वविद्यालयका अध्यापक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछन्।

(४) उपदफा (२) बमोजिम तत्काल पदपूर्ति हुने अवस्था नरहेमा विश्वविद्यालयको स्वीकृत दरबन्दीमा कार्यकारी परिषद्को स्वीकृति लिई उपकुलपतिले करार गरी काममा लगाउन सक्नेछ।

(५) उपदफा (१) बमोजिम करारमा काममा लगाइएका अध्यापक तथा कर्मचारीको काम, कर्तव्य, अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका शर्तहरू करारमा उल्लेख भए बमोजिम हुनेछ।

३३. **प्राज्ञिक सहकार्यः** (१) विश्वविद्यालयले विश्वविद्यालय वा महाविद्यालयसँग अध्ययन, अध्यापन, अनुसन्धान, अन्वेषण, तालिम, नवप्रवर्तन र नवीनतम प्रविधिको विकास तथा विस्तारका लागि आवश्यकता अनुसार प्राविधिक सहायता, सम्झौता वा समझदारी गर्न सक्नेछ।

(२) कुनै विश्वविद्यालय वा महाविद्यालयसँग भएको प्राविधिक सहायता, सम्झौता वा समझदारी बमोजिम त्यस्तो विश्वविद्यालय वा महाविद्यालयको बहालवाला वा सेवानिवृत्त अध्यापक वा विज्ञले

स्वयंसेवकको रूपमा वा त्यस्तो विश्वविद्यालय वा महाविद्यालयले निजको पारिश्रमिक व्यहोर्ने गरी विश्वविद्यालयमा अध्ययन, अध्यापन, अनुसन्धान, प्रशिक्षण वा अन्य कुनै प्राज्ञिक कार्य सम्पादन गर्न सक्नेछ।

(३) विश्वविद्यालयलाई थप आर्थिक भार नपर्ने गरी कुनै दाताले विश्वविद्यालयको नाममा तोकिएबमोजिमको रकम बराबरको अक्षयकोष खडागरी कुनै विधा विशेषमा ख्याति प्राप्त स्वदेशी वा विदेशी विशिष्ट विद्वानलाई विश्वविद्यालयको प्राज्ञिक वा अनुसन्धान वा नव प्रवर्तन सम्बन्धी कार्यमा योगदान गराउन चाहेमा संरक्षक परिषद्को सहमति लिई उपकुलपतिले त्यस्ता व्यक्तिलाई दाता वा दाताले इच्छाइएको व्यक्तिको नाम जोडिएको दातव्य कोषबाट बेतन प्राप्त गर्ने प्राध्यापक नियुक्त गर्न सक्ने छ।

(४) विश्वविद्यालयको प्राज्ञिक वा अनुसन्धान कार्यमा लामो समयसम्म समर्पित भई विशिष्ट योगदान गरेका वरिष्ठ प्राध्यापकहरूलाई आवश्यकतानुसार संरक्षक परिषद्को सहमतिमा तोकिएबमोजिमको प्रकृयाबाट उपकुलपतिले सेवानिबृत वरिष्ट प्राध्यापकको रूपमा सम्मान प्रदान गर्न सक्नेछ।

(५) ज्ञानको कुनै विधा विशेषमा विशिष्ट क्षमता राख्ने वा अनुभव भएका विज्ञ वा विद्धानहरूलाई विश्वविद्यालयको आवश्यकतानुसार तोकिएबमोजिमको प्रक्रिया पूरा गरी उकुलपतिले आगन्तुक प्राध्यापक वा कार्यानुभवी प्राध्यापकको रूपमा नियुक्त गर्न सक्ने छ।

३४. **<u>पद रिक्त हुने अवस्था:</u>** विश्वविद्यालयका पदाधिकारी, यस ऐन बमोजिम गठित जुनसुकै परिषद् वा समितिका सदस्यको पद देहायका अवस्थामा स्वतः रिक्त भएको मानिनेछ :

(क) निजले आफ्नो पदबाट राजिनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजलाई यस ऐन बमोजिम पदबाट हटाइएमा,

(घ) निजको मृत्यु भएमा,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा,

(च) शारीरिक वा मानसिक अस्वस्थताको कारणले पदमा रही काम गर्न असमर्थ भएमा।

## परिच्छेद–९

## <u>विश्वविद्यालयको कोष, लेखा तथा लेखापरीक्षण</u>

३५. **<u>विश्वविद्यालयको कोष</u>** : (१) विश्वविद्यालयको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् : -

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ख) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति, सङ्घ, संस्था वा सरकारबाट प्राप्त अनुदान वा ऋण रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम विश्वविद्यालयले विदेशी व्यक्ति, सङ्घ, संस्था वा सरकारबाट कुनै रकम प्राप्त गर्नु अघि प्रदेश मन्त्रिपरिषद मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम प्रचलित कानून बमोजिम स्थापित "क" वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) विश्वविद्यालयको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) विश्वविद्यालयको कोष र खाताको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३६. **<u>लेखा र लेखापरीक्षण</u>** : (१) विश्वविद्यालयको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) विश्वविद्यालयको आन्तरिक लेखापरीक्षण संरक्षक परिषद्द्वारा नियुक्त लेखापरीक्षकबाट हुनेछ।

(३) विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-१०

## <u>सल्लाहकार परिषदसम्बन्धी व्यवस्था</u>

३७. **<u>सल्लाहकार परिषद</u>** : (१) विश्वविद्यालयको सञ्चालनको लागि आवश्यक स्रोतको व्यवस्थापन गरी यसको काम कारबाहीलाई गुणस्तरीय, व्यवस्थित तथा प्रभावकारी बनाउनको लागि आवश्यक सहजीकरण गर्न एक सल्लाहकार परिषद् रहनेछ ।

(२) सल्लाहकार परिषद्को गठन देहाय बमोजिम हुनेछ:-

| | |
|---|---|
| (क) विज्ञता र बरिष्ठताका आधारमा संरक्षक परिषद्का मनोनीत सदस्यमध्येबाट संरक्षक परिषद्ले तोकेको एकजना | -संयोजक |
| (ख) उपाध्यक्ष, नीति तथा योजना आयोग, सुदूरपश्चिम प्रदेश | -सदस्य |
| (ग) प्रमुख सचिव, सुदूरपश्चिम प्रदेश सरकार | -सदस्य |
| (घ) संरक्षक परिषद्ले कम्तीमा एक जना महिला हुने गरी तोकेको विषय विज्ञ दुईजना | -सदस्य |
| (ङ) सचिव, आर्थिक मामिला मन्त्रालय | -सदस्य |
| (च) मन्त्रालयको सचिव | - सदस्य-सचिव |

(३) सल्लाहकार परिषद्को बैठक संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ र बैठकमा आवश्यकता अनुसार शिक्षाविद तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) सल्लाहकार परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

(क) विश्वविद्यालयको लागि आवश्यक सम्पत्तिको उपार्जन, यसको संरक्षण तथा सम्वर्द्धन, यसको दीर्घकालीन योजना तथा बजेट, नीतिगत विषय र मानार्थ उपाधिका विषयमा संरक्षण परिषद तथा कार्यकारी परिषदलाई आवश्यक परामर्श प्रदान गर्ने,

(ख) विश्वविद्यालयको स्थापना र सञ्चालनको लागि स्थान चयन तथा आङ्गिक महाविद्यालय स्थापनाको लागि आवश्यकता अनुसार संरक्षण परिषद् तथा कार्यकारी परिषद्लाई सहजीकरण गर्ने,

(ग) विश्वविद्यालयको स्थापना तथा सञ्चालनको लागि आवश्यक स्रोत साधनको प्रवन्ध गर्न सहजीकरण गर्ने,

(घ) विश्वविद्यालयको स्थापना तथा सञ्चालनको लागि प्रदेश मन्त्रिपरिषद तथा प्रदेशको शिक्षा विषय हेर्ने मन्त्रालय मार्फत नेपाल सरकार तथा स्थानीय तहसंग आवश्यता अनुसार समन्वय गर्ने,

(ङ) विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीको आय आर्जन, सीप तथा क्षमता अभिवृद्धि गर्न उद्योग तथा व्यावसायिक क्षेत्रसंग सहकार्यको लागि आवश्यक प्रवन्ध गर्न सहजीकरण गर्ने,

(च) विश्वविद्यालयको सञ्चालनमा कुनै व्यवधान भएमा वा वार्षिक क्यालेण्डर बमोजिम कार्य गर्न समस्या भएमा वा अन्य कुनै समस्या भएमा वा कुनै विपद् आइपरेमा त्यस्ता समयमा समस्या समाधान गर्न संरक्षक परिषद्लाई आवश्यक मार्गनिर्देश गर्ने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(५) सल्लाहकार परिषद्को संयोजकले आवश्यकता अनुसार विश्वविद्यालयको निरीक्षण गर्न सक्नेछ र सुधार हुनुपर्ने विषयमा सुझाव दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम सुझाव प्राप्त हुन आएमा विश्वविद्यालयबाट आवश्यक प्रक्रिया पूरा गरी कार्यान्वयन हुनेछ।

## परिच्छेद-११

## विविध

३८. **आङ्गिक महाविद्यालय स्थापना गर्न सकिने** : (१) प्रदेशको आवश्यकता तथा विकासको लागि विश्वविद्यालयले प्रदेशको भूगोल अन्तर्गत रहने गरी कुनैपनि स्थानमा आङ्गिक महाविद्यालय खोल्न सक्नेछ।

(२) विश्वविद्यालयले प्रदेशको भूगोलभित्र प्रचलित नेपाल कानून बमोजिम स्थापित विश्वविद्यालय वा तत्अन्तर्गत स्थापना भई सञ्चालनमा रहेका उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थालाई सम्बन्धित विश्वविद्यालयसंग समझदारी गरी आफ्नो आङ्गिक महाविद्यालयको रुपमा सञ्चालन गर्न सक्नेछ।

३९. **सम्बन्धन दिन नसक्ने** : विश्वविद्यालयले कुनै महाविद्यालय वा अन्य कुनै उच्च शैक्षिक संस्थालाई आफ्ना कुनै पनि कार्यक्रम सञ्चालन गर्ने गरी सम्बन्धन दिन सक्ने छैन।

४०. **<u>सहकार्य गर्न सक्ने</u>** : (१) विश्वविद्यालयले अध्ययन, अध्यापन र अनुसन्धानको क्रममा सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसंग सहकार्य गरी विद्यार्थीको लागि सिकाइका साथसाथै आयआर्जनको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम विश्वविद्यालयको पाठ्यक्रम अन्तर्गत सञ्चालन गर्नु पर्नेछ र त्यस्तो पाठ्यक्रममा प्रदेश स्वयम् सेवा विकास कार्यक्रम समेत रहन सक्नेछ।

(३) विश्वविद्यालयले विज्ञान तथा प्रविधिसम्बन्धी शैक्षिक कार्यक्रम संचालन गर्न, अध्ययन, अध्यापन तथा अनुसन्धानका क्षेत्रमा कार्य गर्न र नव प्रवर्तन, नवीनतम प्रविधिको प्रयोग विस्तार गरी प्रयोगात्मक अभ्यासका साथै ज्ञान र सीपको उपयोग गर्न स्थानीय तहसंग सहकार्य गर्न सक्ने छ।

४१. **<u>उपाधि, प्रमाणपत्र, मान्यता, समकक्षता र स्तर निर्धारण</u>** : (१) विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको उपाधि र प्रमाणपत्र प्रदान गर्नेछ।

(२) विश्वविद्यालयले अनुसन्धान तथा प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ ।

(३) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई आफ्नो प्रयोजनको लागि मान्यता प्रदान गर्न, समकक्षता र स्तर निर्धारण गर्न सक्नेछ ।

(४) उपाधि, प्रमाणपत्र, मान्यता, समकक्षता र स्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. **<u>बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार</u>** : (१) विश्वविद्यालयले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम विश्वविद्यालयमा सुरक्षित रहनेछ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालयका विभिन्न निकायसँग सम्बन्धित रही अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति आर्जनमा संलग्न अनुसन्धानकर्ता वा अन्य व्यक्तिलाई पहिचान वा पुरस्कार वा तोकिए बमोजिम रोयल्टीको केही हिस्सा उपलब्ध गराउन सक्नेछ।

४३. **<u>विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई नियुक्ति वा मनोनयन गर्न सकिने</u>** : (१) विश्वविद्यालयमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई अध्यापक तथा कर्मचारीका रूपमा नियुक्ति वा मनोनयन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ति वा मनोनयन गर्नु अघि प्रदेश सरकार मार्फत नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृति प्राप्त गर्नु पर्नेछ।

४४. **<u>कार्य सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिने</u>** : विश्वविद्यालय तथा महाविद्यालयको दैनिक कार्य सञ्चालन गर्ने क्रममा कार्यचापको आधारमा तत्काल कुनै संकाय निर्देशक वा महाविद्यालय प्रमुख वा अध्यापक वा कर्मचारी नियुक्त नगरी मौजुदा जनशक्तिबाट कार्य सञ्चालन गर्न सकिने भएमा संरक्षक परिषद्को स्वीकृतिमा कार्यकारी परिषद्ले त्यस्तो कार्य आवश्यक योग्यता पुगेको अन्य कुनै पदाधिकारी वा अध्यापक वा कर्मचारीबाट गराउने गरी व्यवस्था गर्न सक्नेछ।

४५. **<u>छात्रवृत्ति तथा विद्वतवृत्ति उपलब्ध गराउनु पर्ने</u>** : (१) विश्वविद्यालयले प्रत्येक शैक्षिक सत्रमा तोकिएबमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(२) छात्रवृत्ति तथा विद्वतवृत्ति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४६. **<u>पूर्वयोग्यताका शैक्षिक कार्यक्रम सञ्चालन</u>** : विश्वविद्यालयले सञ्चालन गर्ने स्नातक वा सोभन्दा माथिल्लो तहको शैक्षिक कार्यक्रममा विद्यार्थीको पहुँच अभिवृद्धिका लागि विश्वविद्यालय स्वयंले वा अन्य संघ संस्थाहरूसँगको सहकार्य वा साझेदारीमा सम्बन्धित निकायको स्वीकृति लिई विज्ञान तथा प्रविधितर्फका पूर्वयोग्यताका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ।

४७. **<u>भर्नाको लागि योग्यता</u>** : विद्यार्थी भर्नाको लागि न्यूनतम योग्यता तोकिएबमोजिम हुनेछ ।

४८. **<u>कामकारवाही अवैध नमानिने</u>** : विश्वविद्यालयमा पदाधिकारी नियुक्त नभइ वा पदाधिकारी नियुक्तिमा त्रुटी भइ वा कुनै अंग गठनमा त्रुटी भएको रहेछ भने सो कारणले मात्र गए गरेको कामकारवाही अवैध मानिने छैन।

४९. **<u>वार्षिक प्रतिवेदन</u>** : (१) विश्वविद्यालयले प्रत्येक आर्थिक वर्ष अन्तिम लेखा परीक्षण सम्पन्न भएको एक महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा विश्वविद्यालयले वर्षभरिमा गरेको कामको संक्षिप्त विवरण, विश्वविद्यालयको उपलव्धी र चुनौति लगायतका कुराहरू उल्लेख गर्नु पर्नेछ।

५०. **<u>बाह्य पक्षबाट मूल्याङ्कन गरिने</u>** : **(१)** संरक्षक परिषद्ले प्रत्येक पाँचौं वर्षमा विश्वविद्यालयबाट भए गरेका काम कारबाही, साधन र स्रोतको प्रयोग तथा प्राप्त उपलब्धि लगायतका विषयमा तोकिएबमोजिम बाह्य मूल्याङ्कन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाह्य मूल्याङ्कनको प्रतिवेदन संरक्षक परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन विश्वविद्यालयले सार्वजनिक गर्नेछ।

५१. **<u>अधिकार प्रत्यायोजन</u>** : (१) संरक्षक परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपकुलपति वा प्राज्ञिक परिषद् वा कार्यकारी परिषद् वा संकाय निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञिक परिषद् र कार्यकारी परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार विश्वविद्यालय मातहतका कुनै निकाय वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५२. **<u>प्रदेश सरकारसँग सम्पर्क</u>** : विश्वविद्यालयले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

५३. **<u>मापदण्ड लागू गर्न सक्ने</u>** : विश्वविद्यालयको काम कारबाहीलाई प्रभावकारी बनाउनको लागि विश्वविद्यालयले आवश्यक मापदण्ड बनाई लागू गर्न वा गराउन सक्नेछ।

५४. **सूचना प्रविधिको प्रयोग** : (१) विश्वविद्यालयका विभिन्न निकायको बैठक, विभिन्न संकाय तथा शैक्षिक कार्यक्रम, अध्ययन, अध्यापन, अनुसन्धान, मूल्याङ्कन वा परीक्षा संचालन, सभा, सम्मेलन, गोष्ठीको प्रयोजनका लागि विश्वविद्यालयले आवश्यकता अनुसार सूचना तथा संचार प्रविधिको उपयुक्त माध्यम प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रविधि प्रयोग गरी भए वा गरेको पठन-पाठन, मूल्याङ्कन वा परीक्षा संचालन लगायतका काम-कारबाही रीतपूर्वक भए वा गरेको मानिनेछ।

५५. **ऐन कार्यान्वयन मापन** : यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन प्रदेश सभा समक्ष पेश गर्नु पर्नेछ।

५६. **समिति गठन गर्न सक्ने** : विश्वविद्यालयको कामका सन्दर्भमा विश्वविद्यालयका निकायहरूले आवश्यकता अनुसार समिति, उपसमिति, कार्यदल गठन गर्न सक्नेछन्।

५७. **विश्वविद्यालय विघटन** : (१) कुनै कारणले विश्वविद्यालय संचालन हुन नसक्ने भएमा प्रदेश सरकारले संरक्षक परिषद्को सिफारिसमा विश्वविद्यालय विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालय विघटन भएमा विश्वविद्यालयको चल अचल जायजेथा प्रदेश सरकारको हुनेछ।

(३) उपदफा (१) बमोजिम विश्वविद्यालय विघटन भएमा अध्ययनरत विद्यार्थीको तह पुरा गराउने वा क्रेडिट ट्रान्सफर गरी अन्य विश्वविद्यालय मार्फत पठनपाठन पुरा गराउन सहजीकरण गर्ने दायित्व संरक्षक परिषद्को रहनेछ।

५८. **नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयनको लागि संरक्षक परिषद्ले आवश्यक नियम बनाउन सक्नेछ।

५९. **विश्वविद्यालयलाई छुट र सुविधा** : विश्वविद्यालयको नाममा गर्नु पर्ने जुन सुकै लिखत (रजिष्ट्रेशन) मा लिखत दस्तुर छुट दिइने छ।

६०. **विनियम, निर्देशिका र कार्यविधि बनाउन सक्ने** : (१) विश्वविद्यालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही कर्मचारी प्रशासन र आर्थिक प्रशासन लगायतका विषयमा आवश्यक विनियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

(२) ऐनको दफा ५७ तथा दफा ५९ को उपदफा (१) बमोजिम नियम, विनियम, निर्देशिका र कार्यविधि बनाउँदा प्रदेश सरकारलाई थप आर्थिक व्ययभार पर्ने भएमा प्रदेश सरकार, अर्थ विषय हेर्ने मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।